ब्यांस गाउँकार्यपालिका बैठक संख्या: १०

बैठक मिति: २०८१।१२।०५

आज मिति २०८१/१२/०५ गतेका दिन यस ब्यांस गाउँपालिका सुन्सेरा दार्चुलाका अध्यक्ष श्री मंगल सिह धामी ज्यूको अध्यक्षतामा ब्यांस गाउँपालिका गाउँ कार्यपालिकाको बैठक तपशिल बमोजिमको उपस्थितिमा बसि देहाय बमोजिमका प्रस्तावहरु माथी छलफल गरि निम्न निर्णयहरु गरिए।

| नाम थर | पद |
|---|---|
| ........... मंगल सिह धामी | अध्यक्ष |
| ........... विनोद सिह कुँवर | सदस्य |
| ........... अशोक सिह बोहरा | सदस्य |
| ........... धिरन सिह बुढाथोकी | सदस्य |
| ........... उपेन्द्र सिह धामी | सदस्य |
| ........... झुन सिह विष्ट | सदस्य |
| ........... बिर सिह धामी | सदस्य |
| ........... राजेन्द्र सिह कुँवर | सदस्य |
| ........... अस्पाल सिह बुढाथोकी | सदस्य |
| ........... आस्मती विसि | सदस्य |
| ........... कलम राम भूल | सदस्य |
| ........... कलावती डडाल | सदस्य |
| ........... धाना देबी बम | सदस्य |
| ........... पुर्णिमा ऐतवाल | सदस्य |
| ........... चन्द्र सिह कुँवर | सचिव |

अन्य उपस्थिति

| | |
|---|---|
| ........... विरा दत्त भट्ट | स.क.अ |

प्रस्तावहरु:

१. कार्यविधि स्वीकृत सम्बन्धमा ।
२. कार्यक्रम माग सम्बन्धमा ।
३. विद्यालयको लेखापरीक्षक नियुक्त सम्बन्धमा ।
४. अनुदान लाभग्राही कायम सम्बन्धमा ।
५. विपद राहत सम्बन्धमा ।
६. सिप विकास तथा प्रविधि सहयोग कार्यक्रम सम्बन्धमा ।
७. टिटि बोर्ड निर्माण सम्बन्धमा ।
८. विविध ।

निर्णयहरु:

निर्णय नं १. प्रस्ताव नं १ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाले तयार पारेको "उन्नत जातको बोका अनुदान तथा वितरण कार्यविधि २०८१" लाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं २. प्रस्ताव नं २ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ६ मा वेमौसमी तरकारी खेतीका लागि प्रयाप्त जमिन रहेको र कृषकहरुको माग पनि बेमौसमी तरकारी खेती गर्ने रहेकोले तहाँ कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट आ.व. २०८२।०८३ मा नविनतम् खेती प्रविधि मार्फत बेमौसमी तरकारी खेतीका लागि प्रस्तावना पेश गरि कार्यक्रम माग गर्ने निर्णय गरियो ।

निर्णय नं ३. प्रस्ताव नं ३ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुको आर्थिक वर्ष २०८०।०८१ को लेखापरीक्षण गर्नुपर्ने भएकाले यस ब्याँस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा सूचिकृत लेखापरीक्षक कर्ण बहादुर खडायतलाई लेखापरीक्षक नियुक्त गर्ने निर्णय गरियो ।

निर्णय नं ४. प्रस्ताव नं ४ माथी छलफल गर्दा ब्याँस गाउँपालिकाको आवास विहिन विपन्न नागरिकका लागि निजी आवास निर्माण समन्वय समितिको मिति २०८१।१२।०५ गतेको निर्णय अनुसार तपसिल बमोजिमका व्यक्तिहरुलाई आवास विहिन विपन्न नागरिकका लागि निजी आवास निर्माण अनुदान लाभग्राही कायम गर्ने निर्णय गरियो ।

| क्र.सं | लाभग्राहीको नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | राम दत्त भट्ट | ब्याँस ६ | |
| २ | ममता कामी | ब्याँस ४ | |

निर्णय नं ५. प्रस्ताव नं ५ माथी छलफल गर्दा यस ब्याँस गाउँ कार्यपालिकाको कार्यालयमा विपद् राहतका लागि निवेदन पेश भएको हुँदा ब्याँस गाउँपालिका प्राकृतिक विपद् पिडितहरुका लागि आर्थिक सहायता (राहत) वितरण निर्देशिका २०७५ बमोजिम तपसिलको राहत रकम भुक्तानी दिने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं | लाभग्राहीको नाम | ठेगाना | किसिम | रकम | शिर्षक | कै |
|---|---|---|---|---|---|---|
| १ | ममिता पार्की | ब्याँस ४ | घरको छत जोखिम | १०,००० | विपद् व्यवस्थापन | |

निर्णय नं ६. प्रस्ताव नं ६ माथी छलफल गर्दा चालु आर्थिक वर्षको वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार सिप विकास तथा प्रविधि सहयोग कार्यक्रम अन्तरगत रु पच्चिस लाख बजेट विनियोजन भएको हुँदा उक्त बजेटबाट तपसिल बमोजिम प्रविधि सहयोग कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं | कार्यक्रमको नाम | रकम | समय अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | सिलाई तालिम | १३ लाख | ५२ दिन | |
| २ | बुनाई तालिम | ६ लाख | ५२ दिन | |
| ३ | आरन व्यवसायी तालिम | ३ लाख | ५२ दिन | |
| ४ | वेल्डिङ व्यवसायी तालिम | ३ लाख | ५२ दिन | |

निर्णय नं ७. प्रस्ताव नं ७ (क) माथी छलफल गर्दा ब्याँस गाउँपालिकाको चालु आर्थिक वर्षको योजना तथा कार्यक्रम अनुसार माध्यमिक विद्यालयमा टिटि बोर्ड निर्माण शिर्षकमा बजेट विनियोजन भएकोमा उक्त योजनालाई टोल विकास समिति पत्थरकोटसंग सम्झौता गरि तपसिल बमोजिमका माध्यमिक विद्यालयहरुमा टिटि वोर्ड निर्माण कार्य अघि बढाउने निर्णय गरियो ।

तपसिल

| क्र.सं | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री सिद्ध माध्यमिक विद्यालय सिना | ब्याँस ३ | |
| २ | श्री सम्पाल माध्यमिक विद्यालय सुन्सेरा | ब्याँस ४ | |
| ३ | श्री व्रह्मस्थान माध्यमिक विद्यालय डोकट | ब्याँस ४ | |

निर्णय नं ८. प्रस्ताव नं ७ (ख) माथी छलफल गर्दा चालु आर्थिक वर्षको वार्षिक स्वीकृत योजना तथा कार्यक्रम अनुसार जनजाती लक्षित कार्यक्रममा दुई लाख बजेट विनियोजन गरिएको तथा उक्त बजेटबाट शौका समुदायको संस्कृति संरक्षण र सम्वर्द्धन कार्यक्रम (ठेन्ठुलु पहिरन तालिम) सञ्चालनका लागि ब्याँसी शौका समान म.न.पा. ४ ले प्रस्ताव पेश गरेको हुँदा सम्झौता प्रकृया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं ९. प्रस्ताव नं ७ (ग) माथी छलफल गर्दा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, नीति योजना तथा वहुपक्षीय समन्वय शाखा, सिंहदरवार, काठमाडौंको च.नं. १४८, मिति २०८१।११।२३ गतेको प्राप्त पत्रानुसार वैदेशिक रोजगारीको क्षेत्रलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने उद्देश्यले सञ्चालित सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सञ्चालन हुन बाकी रहेका स्थानीय तहहरुबाट कार्यक्रमको समयावधि भित्र लागत साझेदारी सहितको सहकार्य प्रतिवद्धता हुन अनुरोध बमोजिम उक्त कार्यक्रम सञ्चालन तथा व्यस्थापनमा स्थानीय तहबाट साझेदारी हुनुपर्ने क्रियाकलाप र रकममा साझेदारी सहितको सहकार्यमा यस गाउँ कार्यपालिकाको प्रतिवद्धता रहने भनि पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं १०. प्रस्ताव नं ७ (घ) माथी छलफल गर्दा नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०८१।१०।१४ गतेको निर्णय अनुसार दार्चुला जिल्लाको ब्याँस गा.पा. वडा नं १ छाङरुबाट वडा नं २ दुम्लिङ सम्मको घोडेटो बाटो निर्माण शिर्षकमा यस ब्याँस गाउँपालिकालाई निकासा प्राप्त पाँच करोड पचास लाख रकमको ठेक्का प्रकृया अघि

बढसकेको हुँदा ठेक्का सम्झौता पश्चात निर्माण कार्यको नियमित स्थलगत अनुगमनका लागि उक्त योजनाको कन्टिन्जेन्सी रकमबाट खर्च हुने गरी २०८२ असार मसान्त सम्मका लागि तीन जना सब इन्जिनियर कर्मचारी करारमा भर्ना प्रकृया अघि बढाउने निर्णय गरियो।

निर्णय नं ११. प्रस्ताव नं ७ (ङ) माथी छलफल गर्दा ब्याँस गा.पा. वडा नं १ छाङरुबाट वडा नं २ दुम्लिङ सम्मको घोडेटो बाटो निर्माणको नियमित रेखदेख तथा आम नागरिकहरुमा बाटो निर्माण कार्यको प्रगतिबारे यथार्थ जानकारी गराउनका लागि समाचार सम्प्रेसण गरिदिन नेपाल पत्रकार महासंघ दार्चुला शाखालाई अनुरोध गर्ने तथा गाउँपालिकाले माग गरेको संख्यामा आएका पत्रकारहरुलाई उक्त योजनाको कन्टिन्जेन्सी खर्चबाट नियमानुसार दैनिक भ्रमण भत्ता रकम उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं १२. प्रस्ताव नं ७ (च) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं १ मा कार्यरत योग प्रशिक्षक विरेन्द्र सिह तिंकरीलाई ब्याँस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा हाजिर गराई कामकाज गराउने निर्णय गरियो।

निर्णय नं १३. प्रस्ताव नं ७ (छ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकामा आवश्यक तपसिल बमोजिमका योजनाहरु संघ सरकार र प्रदेश सरकारका सम्बन्धीत मन्त्रालयमा माग गर्ने निर्णय गरियो।

| क्र.सं | योजनाको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १ | सिना तटबन्ध निर्माण | ब्याँस ३ | |
| २ | सिना ग्रामिण सडक स्तरोन्ती | ब्याँस ३ | |
| ३ | सिना तातोपानी संरक्षण | ब्याँस ३ | |

निर्णय नं १४. प्रस्ताव नं ७ (ज) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं १ मा आवश्क तपसिल बमोजिमका योजनाहरु निर्माण गर्न आवश्यक रकम सुदूरपश्चिम प्रदेश सरकार उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयमा माग गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं | योजनाको नाम | स्थान | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | चम्लिन-तिंकर पदमार्ग | ब्याँस १ | २५ लाख | चालु आर्थिक वर्षका लागि |
| २ | पर्यटन आवास गृह निर्माण तिंकर | ब्याँस १ | प्राविधिक लागत अनुमान अनुसार | आ.व.२०८२।०८३ का लागि |

निर्णय नं १५. प्रस्ताव नं ७ (झ) माथी छलफल गर्दा गत आवमा प्राविधिक विल अनुसार रकम भुक्तानी गरिएको तिमुरपाटा-हुती-धौलाकोट-मडगाउँ-माल सडकको तिमुपाटा क्षेत्रमा निर्माण गरिएको ट्र्याकको पुन:मुल्याङ्कन गर्नका लागि तपसिल बमोजिमको समिति गठन गर्ने तथा उक्त समितिलाई गठन गरिएको सात दिन भित्र यथार्थ विवरण पेश गर्नका लागि निर्देशन दिने निर्णय गरियो।

तपसिल

| क्र.सं | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | राजेन्द्र सिह कुँवर- वडा अध्यक्ष ६ नं वडा | संयोजक | |
| २ | उपेन्द्र सिह धामी- वडा अध्यक्ष ३ नं वडा | सदस्य | |
| ३ | विर सिह धामी- वडा अध्यक्ष ५ नं वडा | सदस्य | |
| ४ | कलम राम भूल- कार्यपालिका सदस्य | सदस्य | |
| ५ | जगत सिह डडाल- सब इन्जिनियर | सदस्य | |
| ६ | अम्बरा बोहरा | सदस्य | |

निर्णय नं १६. प्रस्ताव नं ७ (ञ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ४ डोब अन्तरगत तपसिलको टेवा पर्खाल निर्माण गर्नुपर्ने भएकाले तपसिल बमोजिमको योजनामा रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं | योजनाको नाम | रकम | शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | डोब खर्सुखोला टेवा पर्खाल निर्माण ब्याँस, ४ | ५० हजार | विपद् व्यवस्थापन | |

निर्णय नं १७. प्रस्ताव नं ७ (ट) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ६ मेलबिसौना धारमा रहेको सडकमा वाल निर्माण गर्नुपर्ने भएकाले तपसिल बमोजिमको योजनामा रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं | योजनाको नाम | रकम | शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | मेलबिसौना सडकमा वाल निर्माण ब्याँस ६ | १ लाख ५० हजार | विपद् व्यवस्थापन | |

निर्णय नं १८. प्रस्ताव नं ७ (ठ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगत तपसिल बमोजिम खानेपानी मर्मत तथा निर्माण गर्नुपर्ने भएकाले खानेपानी मर्मत तथा व्यवस्थापन शिर्षकबाट खर्च हुने गरि तपसिल बमोजिमको कार्य अघि बढाउने निर्णय गरियो ।

तपसिल

| क्र.सं | योजनाको नाम | रकम | शिर्षक | कै |
|---|---|---|---|---|
| १ | तल्ला किमसैन खा.पा. मर्मत ब्याँस ५ | १,५०,००० | खानेपानी मर्मत तथा व्यवस्थापन | |
| २ | कमेडधार खा.पा. मर्मत ब्याँस ६ | ५०,००० | खानेपानी मर्मत तथा व्यवस्थापन | |
| ३ | नौलाघर पैगर खा.पा. निर्माण ब्याँस ३ | १,००,००० | खानेपानी मर्मत तथा व्यवस्थापन | |

निर्णय नं १९. प्रस्ताव नं ७ (ड) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगत आवश्यक विभिन्न योजना माग गर्नका लागि प्रवक्ता उपेन्द्र सिह धामीलाई काठमाडौं पठाउने निर्णय गरियो ।

निर्णय नं २०. प्रस्ताव नं ७ (ढ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगत सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुको अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्र बनाउनुपर्ने भएकाले जिल्ला प्रशासन कार्यालय खलंगा, दार्चुला संगको सहकार्यमा राष्ट्रिय परिचयपत्र दर्ता शिविर सञ्चालन गर्ने र सो को व्यवस्थापन वापत हुने खर्च विविध कार्यक्रम शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं २१. प्रस्ताव नं ७ (ण) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं २ मा तिंकर सडक निर्माणका क्रममा सडकको एलायमेन्ट क्षेत्रमा रहेका कल्जु झो.पु र तम्पाकु ट्रस पुललाई निकाली सुरक्षित स्थानमा सामग्री राख्ने कार्य गरिएकाले प्राविधिक मुल्याङ्कन तथा विल भरपाई बमोजिमको रकम विपद् व्यवस्थापन कोष शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं २२. प्रस्ताव नं ७ (त) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको छात्रवृति तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि २०८० (संसोधन सहित) बमोजिम छात्रवृती रकम वितरणका लागि सूचना आव्हान गर्ने निर्णय गरियो।

निर्णय नं २३. प्रस्ताव नं ७ (थ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखामा कार्यरत कर्मचारी सरस्वती कुँवर राजिनामा दिई अनिवार्य अवकासमा जानु भएकोले अर्को व्यवस्था नभए सम्मका लागि उक्त शाखाको कामकाजको जिम्मेवारी सहायक कम्प्युटर अपरेटर विरा दत्त भट्टलाई दिने निर्णय गरियो।

निर्णय नं २४. प्रस्ताव नं ७ (द) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार विद्यालय शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित कार्यक्रम वितरणका लागि प्रस्ताव पेश गर्न सूचना आव्हान गरिएकोमा तपसिल बमोजिमका माध्यमिक विद्यालयहरुलाई तपसिल बमोजिमको अनुदान उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

| क्र.सं | कार्यक्रम | छनोट भएको विद्यालय | कैफियत |
|---|---|---|---|
| १ | विद्यालय पुस्तकालय तथा ICT व्यवस्थापन | श्री सिद्ध माध्यमिक विद्यालय सिना | |
| २ | शैक्षिक व्यवस्थापकीय सुधार सुशासनमा उत्कृष्ट कार्यसम्पादन गरेको विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | श्री सम्पाल मावि सुन्सेरा, ब्याँस ४ | ३ लाख |
| | | श्री हिमालय मावि हुती, ब्याँस ६ | २ लाख |

निर्णय नं २५. प्रस्ताव नं ७ (ध) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको तपसिल बमोजिमका विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई तपसिल बमोजिम सरुवा गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं | नाम थर | पद | हाल कार्यरत विद्यालय | सरुवा गरिएको विद्यालय | कै. |
|---|---|---|---|---|---|
| १ | विमला ओझा | मावि संघीय अनुदान | श्री सिद्ध माध्यमिक विद्यालय सिना ब्यास ३ | श्री ब्रह्मस्थान माध्यमिक विद्यालय डोकट ब्याँस ४ | २०८२ बैशाख देखि |
| २ | रघुनाथ जोशी | मावि संघीय अनुदान | श्री ब्रह्मस्थान माध्यमिक विद्यालय डोकट ब्याँस ४ | श्री सिद्ध माध्यमिक विद्यालय सिना ब्यास ३ | २०८२ बैशाख देखि |

निर्णय नं २६. प्रस्ताव नं ७ (न) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ४ मा तपसिल बमोजिम सेनिटरी प्याड इन्सुलेटर निर्माण गर्नुपर्ने भएकाले तपसिल बमोजिमको रकम विनियोजन गरि निर्माण कार्य अघि बढाउने निर्णय गरियो।

तपसिल

| क्र.सं | योजनाको नाम | रकम | शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | सेनिटरी प्याड इन्सुलेटर निर्माण माडरौ ब्याँस ४ | ४० हजार | विपद् व्यवस्थापन | |

निर्णय नं २७. प्रस्ताव नं ७ (प) माथी छलफल गर्दा दार्चुला उद्योग बाणिज्य संघ दार्चुलाको आयोजनामा यहि चैत्र १५ गते देखी २५ गते सम्म सञ्चालन गरिने "सुदूरपश्चिम पर्यटन व्यापार मेला तथा दार्चुला महोत्सव २०८१" मा सहकार्यका लागि दार्चुला उद्योग बाणिज्य संघ दार्चुलाले प्रस्ताव पेश गरको हुँदा यस गाउँपालिकाले सह-प्रायोजक भई रु ३०,००० अक्षरुपी तीस हजार मात्र रकम स्रोत सुनिश्चित गरि भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं २८. प्रस्ताव नं ७ (फ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको नेपाल रेडक्रस सोसाइटीबाट प्राप्त एम्बुलेन्स मिति २०८१।०९।१५ गते कार्यालय कामकाजबाट फर्किने सिलसिलामा दुर्घटनाग्रस्त भएको तथा चालक विर सिह डडाल गम्भिर घाइते भइ औषधि उपचार गराएको हुँदा माघ र फागुन महिनाको विरामी विदा स्वीकृत गरि करार म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं २९. प्रस्ताव नं ७ (ब) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको चालु आर्थिक वर्षको वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार गाउँपालिका स्रोत अन्तरगत खानेपानी मर्मत तथा व्यवस्थापन शिर्षकमा र प्रदेश सशर्त अन्तरगत नमुना खानेपानी मुहान स्रोत संरक्षण तथा पुर्नभरण कार्यक्रम अन्तरगत विनियोजित बजेटबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुलाई आवश्यकता अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमसंग साझेदारीमा कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं ३०. प्रस्ताव नं ७ (भ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ६ पन्तोली खोलामा तारजाली पर्खाल निर्माण गर्नुपर्ने भएकाले तपसिल बमोजिमको योजनामा रकम विनियोजन गर्ने निर्णय गरियो।

| क्र.सं | योजनाको नाम | रकम | शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | पन्तोली खोला तारजाली पर्खाल ब्याँस ६ | ४० हजार | विपद् व्यवस्थापन | |

निर्णय नं ३१. प्रस्ताव नं १६ (म) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका, गाउँ कार्यपालिकाको नाममा रहेको से १ ब १२५५ नम्बरको मोटरसाइकलको ब्लुबुक कार्यालय भाडाको भवनबाट नवनिर्मित भवनमा सार्ने क्रममा हराएको हुँदा नयाँ ब्लुबुक उपलब्ध गराइन तथा हाल सम्म विविध कारणले नविकरण गर्न छुट भएको हुँदा नियमानुसार नविकरण गरिदिन यातायात व्यवस्था कार्यालय धनगढी, कैलालीलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं ३२. प्रस्ताव नं ७ (य) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ६ मा रहेको श्री लटवाव आवि जयपुर एक कोठे भवन निर्माण योजनाको २०८१ चैत्र मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं ३३. प्रस्ताव नं ७ (र) माथी छलफल गर्दा ब्याँस गाउँपालिकाको चालु आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम अनुसार "कर्मचारी तथा जनप्रतिनिधिका लागि जीवन रुपान्तरण तथा सकारात्मक सोच विकास कार्यक्रम" तथा "छोरीहरुका लागि स्वर्णीम कार्यक्रम" शिर्षकमा बजेट विनियोजन भएको हुँदा उक्त कार्यक्रम सञ्चालनका लागि बरिष्ठ अन्तराष्ट्रिय प्रशिक्षक नर बहादुर कार्कीज्यूलाई आमन्त्रण गरि उहाँले लिने चलन चल्ती अनुसारको पारिश्रमिक रकम भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं ३४. प्रस्ताव नं ७ (ल) माथी छलफल गर्दा सृष्टि फाउण्डेसनले तयार पारेको बाल विवाह, महिला हिंसा, बालश्रम शोषण, बालयौन दुर्व्यहार तथा सामाजिक कुरुति न्युनिकरण सम्बन्धी चलचित्र जुना प्रदर्शन गर्नका लागि सम्झौता प्रकृया अघि बढाउने निर्णय गरियो।